# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ पुस २२ गते

# सिम्रौनगढ घटनाबारे सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगले २०७१ असोज २५ गते बारा जिल्ला सिम्रौनगढ नजिक विद्यार्थी तथा सर्वसाधारणले निकालेको जुलुसमा सशस्त्र प्रहरीले चलाएको गोली लागी एकजनाको मृत्यु भएको र अर्को एकजना घाइते भएको घटनामा मृतकको हकवाला र घाइतेलाई क्षतिपूर्ति दिन र दोषीलाई कानुनी कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ ।

घटनमा परी मृत्यु भएका बारा जिल्ला हरिहरपुर गाविस वडा नं ७ निवासी ४२ वर्षीय जयनारायण पटेलको हकवालालाई रू. तीन लाख क्षतिपूर्ति दिन तथा उहाँको तीन छोरी र एक छोरालाई उच्चमाध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्न सिफारिस गरिएको छ ।

यसैगरी सोही घटनामा घाइते हुनुभएका हरिहरपुर गाविस वडा नं. ५ निवासी ३० वर्षीय महम्मद साह हवारीलाई रू. एक लाख क्षतिपूर्ति दिन सिफारिस गरिएको छ ।

घटनामा सुरक्षा बलको नेतृत्व गर्ने प्रहरी कर्मचारीलाई 'नेपालको अन्तरिम संविधान, २०६३' को धारा १३२ (२) (ङ) बमोजिम विभागीय कारबाही गर्न र गोली चलाउने प्रहरीको पहिचान गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न पनि सिफारिस गरिएको छ ।

......................
वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org